वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
www.bhanjyangnews.com
bhanjyangnews.com
# भञ्ज्याङ
BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक
वर्ष ४४ अंक १७९ | २०८२ कात्तिक २१ गते शुक्रबार, नेपाल सम्वत् ११४६ November 07, 2025 | पृष्ठ ४ | मूल्य : रू. ५/-






**भिटामिन ए खुवाईदै :** तनहुँको ऋषिङ गाउँपालिकाअन्तर्गत ग्वास्लुङ्ग सामुदायिक स्वास्थ्य इकाईका स्वास्थ्यकर्मी सेवा क्षेत्रका बालबालिकालाई यस आर्थिक वर्षको पहिलो चरणको राष्ट्रिय भिटामिन 'ए खुवाउँदै । स्वास्थ्य इकाईले भिटामिन ए संगै विहीबार जुकाको औषधी वितरण र बालभिटा वितरण तथा पोषण लेखाजोखा कार्यक्रम संचालन गरेको छ । यस्तै, तनहुँका दशवटै पालिकाका स्वास्थ्य शाखा, स्वास्थ्य चौकी तथा इकाईहरूले भिटामिन ए, जुकाको औषधी वितरण तथा बालभिटा वितरण र पोषण लेखाजोखा लगायतका कार्यक्रम गरेका छन् । *तस्विर : भञ्ज्याङ*

# जनस्वास्थ्य कार्यालयद्वारा जिल्लास्तरीय वार्षिक समीक्षा

### छिपछिपे स्वास्थ्य चौकी प्रथम, थर्पु आधारभूत अस्पताल द्वितीय र खैरेनीटार स्वास्थ्य चौकी तृतीय

भञ्ज्याङ समाचारदाता/दमौली

प्रदेश जनस्वास्थ्य कार्यालय तनहुँले विहीबार दमौलीमा जिल्ला स्तरीय वार्षिक समीक्षा कार्यक्रम सम्पन्न गरेको छ । वार्षिक समीक्षाका अवसरमा तनहुँ जिल्लाभित्रका विभिन्न स्वास्थ्य संस्थाबाट प्रदान गरिएका जनस्वास्थ्य सेवासम्बन्धी सूचकहरूको मूल्याङ्कनका आधारमा उत्कृष्ट स्वास्थ्य संस्था घोषणा गरिएको थियो ।




मूल्याङ्कन अनुसार देवघाट गाउँपालिका–३ स्थित छिपछिपे स्वास्थ्य चौकी प्रथम, म्याग्दे गाउँपालिका–४ थर्पु आधारभूत अस्पताल द्वितीय र शुक्लागण्डकी नगरपालिका–४ खैरेनीटार स्वास्थ्य चौकी तृतीय स्थानमा चयन भएका छन् ।

प्रदेश जनस्वास्थ्य कार्यालयका प्रमुख अमर दवाडीको अध्यक्षतामा आयोजित कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख शान्ति रमण वाग्ले, व्यास नगरपालिकाका प्रमुख बैकुण्ठ न्यौपाने, निमित्त प्रमुख जिल्ला अधिकारी दिपक रेग्मी, दमौली अस्पतालका मेसु. डा. परिवर्तन बराल र प्रदेश आयुर्वेद चिकित्सालयका प्रमुख डा. नारायण श्रेष्ठलगायतको उपस्थितिमा उत्कृष्टा बन्न सफल स्वास्थ्य संस्थाहरूलाई प्रमाणपत्र प्रदान गरी सम्मान गरिएको थियो ।

यस्तै, कार्यक्रममा तनहुँ जिल्लाका स्वास्थ्य शाखा प्रमुखहरू, आधारभूत अस्पतालका मेडिकल सुपरिन्टेन्डेन्टहरू, विभिन्न संघ–संस्थाका प्रतिनिधिहरू तथा सरोकारवालाको सहभागिता रहेको थियो ।

# जलनको पीडा रोकथामप्रतिको उदासिनता

कृष्ण अधिकारी/काठमाडौं

पोखरा भ्रमण वर्षको उद्घाटन गर्दा बेलुन पड्किएर तत्कालीन अर्थमन्त्री विष्णु पौडेल र पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य घाइते हुनुभएको थियो । भ्रमण वर्षको उद्घाटन बेलुन उडाएर गर्ने क्रममा हाइड्रोजन ग्यास भरिएको बेलुन अकस्मात पड्किएको थियो । तत्कालै उहाँहरूलाई गण्डकी अस्पताल लगिएको त्यहाँ उपचार नभएपछि काठमाडौँको कीर्तिपुरस्थित बर्न अस्पतालमा भर्ना गरिएको थियो।




तीन वर्षअघि २०७९ फागुन ३ गते राति बुद्धनगरस्थित निवासमा ग्यास सिलिण्डर बिस्फोटबाट नेपाली कांग्रेसका नेता चन्द्र भण्डारी र उहाँकी आमा हरिकला गम्भीर घाइते बन्नुभयो । सांसद शंकरको दुवै हात, दुवै खुट्टा गरी करिब ३० प्रतिशत भाग जलन भएको छ भने उहाँकी आमाको करिब ७० प्रतिशत भाग जलन भएको थियो । केही दिनमै जलनको पीडाका कारण आमाको निधन भयो भने शंकरले भारतमा उपचार गरी नयाँ जीवन पाउन सफल हुनुभएको छ ।

यी केही प्रतिनिधि घटना मात्रै हुन् । साना वा ठूला खालका जलनका घटनाहरू देशमा दिनहुँ भइरहेका छन् र त्यसबाट धेरैले ज्यान गुमाउनुपर्ने, घाइते वा जीवनभर अङ्गभङ्ग हुनुपर्ने र ठूलो भौतिक क्षति व्यहोर्नुपरेको छ । उपचार महँगो, लामो र पीडादायक हुने भएकाले धेरै बिरामी प्रारम्भमै अस्पताल पुग्न सक्दैनन् । यसले मृत्यु दर र अपाङ्गता दुवै बढाउछ। स्वास्थ्य मन्त्रालयको तथ्याङ्क अनुसार हरेक वर्ष नेपालमा ५५ हजारजनामा जलनको समस्या हुन्छ। त्यसमध्ये दुई हजारको मात्रै ठूला अस्पतालमा उपचार हुन्छ भने कतिपय बिरामी उपचार नपाएर ज्यान गुमाउने गरेका छन् । अस्पतालमा आएका बिरामीको ३० प्रतिशत बालबालिका र ५० प्रतिशत महिला रहने गरेका छन् । जाडोको मौसममा धेरै घटना हुने गर्दछ थियो ।

जलनको समस्या एउटा गम्भीर सार्वजनिक स्वास्थ्य समस्या हो । प्रत्येक वर्ष हजारौँ मानिस आगो, तातो पदार्थ, विद्युत् वा रासायनिक पदार्थका कारण जलनबाट पीडित हुने गर्छन् । विशेषगरी ग्रामीण क्षेत्रमा परम्परागत चुल्हो, असावधानीपूर्वक ग्यास प्रयोग, र बालबालिकाको लापरबाहीका कारण जलनका घटना धेरै देखिन्छन् । गृह मन्त्रालयको तथ्याङ्कअनुसार सन् २०१५ देखि २०२४ सम्म २४ हजारभन्दा बढी आगलागीका घटना हुने गरेको र यसबाट ८३३ जनाको मृत्यु भएको देखिन्छ । जलनको समस्या नेपालमा मात्र होइन, विश्वका धेरै देशका लागि गम्भीर स्वास्थ्य चुनौतीको रूपमा रहेको छ । विश्व स्वास्थ्य सङ्गठनका अनुसार बर्सेनि विश्वमा एक करोड १० लाख मानिस गम्भीर प्रकारका जलनमा पर्छन् ।

रास्वपा नेता विन्दवासिनी कंसाकारले जलनसम्बन्धी विधेयक पारित गर्नुपर्नेमा जोड दिनुहुन्छ । उहाँले संसद्मा दर्ता भएको जलन उपचारसम्बन्धी विधेयकलाई अघि बढाउन माग गर्नुभएको थियो । उक्त विधेयक सात महिनाअघि संसद्मा दर्ता भएको थियो । सांसद कंसाकारले जलन उपचार केन्द्र स्थापना गर्नुपर्ने र आवश्यक स्रोतसाधन, दक्ष जनशक्ति तथा आपत्कालीन उद्धार प्रणालीमा व्यवस्थापन गर्नुपर्नेमा जोड दिनुभएको थियो । सरकारले गतवर्ष जलनको उपचार नि:शुल्क गर्ने निर्णय गरेपनि अझसम्म त्यसको कार्यान्वयन भएको छैन । जलनका बिरामीको उपचार नि:शुल्क गर्नका लागि अझै कार्यविधि बनेको छैन। कार्यविधिअनुसार जटिल खालको बिरामीका लागि पाँच लाखसम्म उपलब्ध गराउने भनिए पनि यस निर्णयको कार्यान्वयन नहुँदा निम्न वर्गका बिरामी समस्यामा परेका छन् । बीस प्रतिशतभन्दा कम जलेका बिरामीलाई सामान्य, त्यसभन्दा बढी जलेको बिरामीलाई नाजुक अवस्था मानिन्छ । चिकित्सकका अनुसार स्रोतसाधन उपलब्ध भए र समयमै अस्पतालमा पुग ९५ प्रतिशतसम्म जलेको बिरामीलाई पनि निको पार्न सकिन्छ । यस्तो अवस्थामा नेपालमा उपचारसमेत सम्भव नहुने चिकित्सक बताउँछन् ।

**अस्पतालको अभाव**

नेपालमा जलनको उपचार अवस्था अझै पनि चुनौतीपूर्ण र असमान रहेको छ । देशभर जलनका बिरामी धेरै भए पनि उपचारका सुविधा सीमित छन् । हाल देशका आठ वटा अस्पतालमा मात्र जलनको उपचार हुन्छ । यीमध्ये चार वटा अस्पताल त काठमाडौँमा मात्रै छन् । जलनको

*बाँकी अन्तिम पेजमा*

# तनहुँमा दैनिक ४० वटा राहदानीको आवेदन लिने

भञ्ज्याङ समाचारदाता/दमौली

जिल्ला प्रशासन कार्यालय तनहुँले आज शुक्रबारदेखि दैनिक ४० वटा राहदानीको कोटा निर्धारण गरी आवेदन लिने भएको छ । कार्यालयमा हाल राहदानी विभागबाट एक वटामात्र स्टेशन प्राप्त भएको र सोही एक स्टेशनमार्फत् सेवा प्रवाह भइरहेकाले शुक्रबार बिहान १०:३० बजेदेखि (प्रत्येक शुक्रबार) प्रत्येक हप्ता दैनिक ४० वटाको संख्यामा राहदानीका लागि अनलाइन कोटा खोलिने कार्यालयले जनाएको छ।

जेनजी आन्दोलनका क्रममा कार्यालयमा भएको तोडफोड र आगजनीका कारण राहदानी शाखामा भएका विद्युतीय राहदानी सेवा सम्बन्धी सम्पूर्ण सामग्री जलेर नष्ट भएको थियो । राहदानी विभागबाट एकवटा मात्रै स्टेशन प्राप्त भएको र सेवाग्राहीको चाप उच्च रहेकाले विद्युतीय राहदानीका लागि आवेदन प्रविष्टि, प्रमाणित र वितरणका लागि कोटा निर्धारण गरिएको प्रशासकीय अधिकृत विकास श्रेष्ठले जानकारी दिए ।

राहदानीको विषयमा अनाधिकृत व्यक्तिको भर नपर्न र त्यस्ता व्यक्तिहरूबाट हुनसक्ने ठगीबाट सावधान रहन कार्यालयले आग्रह गरेको छ । साथै राहदानी सेवासम्बन्धी कुनै पनि समस्या वा जानकारीका लागि नागरिकले जिल्ला प्रशासन कार्यालयको राहदानी शाखा वा सूचना अधिकृतलाई सम्पर्क गर्न सक्ने व्यवस्था गरिएको छ ।

कार्यालयले सम्पर्कका लागि ९८५६००११११ (सूचना अधिकारी) र ९८४६७४३२४६ (राहदानी शाखा) नम्बर सार्वजनिक गरेको छ । ई–पासपोर्ट आवेदनका लागि कार्यालयले नेपाल सरकारको आधिकारिक वेबसाइट https://emrtds.nepalpassport.gov.np/request-service प्रयोग गर्न सुझाव दिएको छ ।

जिल्ला प्रशासन कार्यालय तनहुँका प्रशासकीय अधिकृत विकास श्रेष्ठद्वारा हस्ताक्षरित सो सूचनामा राहदानी सेवासम्बन्धी सबै प्रक्रियामा पारदर्शिता र सावधानी अपनाउन अनुरोध गरिएको छ ।

विद्युतीय राहदानी आपूर्तिका लागि नयाँ आपूर्तिकर्तासँग भएको सम्झौता अनुसार आगामी फागुन ११ बाट राहदानी पुस्तिका सहज आपूर्ति हुने हुँदा अर्को सूचना नभएसम्मका लागि अत्यावश्यक पर्ने सेवाग्राहीहरूले मात्र राहदानीका लागि आवेदन गर्न राहदानी विभागले सूचना जारी गरेको छ ।

## सम्पादकीय ............

www.bhanjyangnews.com

# ग्रामीण जनजीवन

असार र साउन महिना नेपाली समाजको मौसमी र सांस्कृतिक जीवनशैलीसँग गहिरो सम्बन्ध राख्छ । वर्षातसँगै खेतबारी, पाखापखेरामा हुने कृषिकर्म, आँगनमा सुली बनेर सुकाइएका मकै, गोठमा गाईभैसी, धानका भकारी– यी सबै हाम्रो गाउँजीवनका प्राणवान दृश्य हुन्। तर दु:खको विषय के छ भने, यस्ता दृश्यहरु अब केवल स्मृतिमा सीमित हुँदै गएका छन्। खेतीयोग्य जमिन बाँझिंदै गएको छ, उत्पादनशील जमिन झाडी र वनजंगलमा परिणत भइरहेको छ । यसको मुख्य कारण गाउँबाट युवाशक्ति पलायन हुनु हो। विदेश रोजगारी र शहरमुखीकरणले गाउँको सामाजिक संरचना मात्र होइन, संस्कृतिलाई समेत बिथोल्दै लगेको छ। शिक्षादेखि स्वास्थ्यसम्मका आधारभूत सेवाहरूको अभावले गाउँले शहर पस्न वा विदेशिन बाध्य भएका छन्। यो बाध्यता गाउँलाई वृद्धवृद्धा मात्र बसोवास गर्ने सुनसान र उजाड बस्ती बनाइरहेको छ ।

हिजोका गाउँघर चाडपर्वमा रमाइला, सामूहिकतामा जीवन्त हुन्थे। आज त्यो रौनक हराउँदै गएको छ। आयातित संस्कृति र देखावटी प्रचलनले हाम्रो मौलिक संस्कृति ओझेलमा परेको छ। चाडपर्व विलासी उपभोगमा सीमित हुँदा हाम्रो पहिचान नै संकटमा परेको छ। संस्कृतिको जगेर्ना असफल हुनुको एउटा ठुलो कारण आर्थिक असुरक्षा हो। गरिबी र रोजगारीको अभावमा संस्कृति संरक्षण पनि दुरावस्थामा पुगेको छ । राजनीतिक परिवर्तनका माध्यमबाट देशले अधिकार र स्वतन्त्रता त प्राप्त गर्‍यो, तर ती अधिकारलाई स्थायी बनाउन आवश्यक आर्थिक क्रान्ति अझै सम्पन्न हुन सकेको छैन । संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको डेढ दशकपछि पनि मुलुक उत्पादनमुखी अर्थतन्त्रतर्फ डगमगाउन नसक्नु ठूलो विडम्बना हो । अझ पीडादायी कुरा– देशको मेरूदण्ड मानिने युवा शक्ति दैनिक हजारौंको संख्यामा वैधानिक बाटोमार्फतै विदेशिनु हो । यसरी निरन्तर युवाशक्ति गुमाइरहनु मुलुकका लागि घातक संकेत हो। राजनीतिक नेतृत्वले यस अवस्थालाई गम्भीरतापूर्वक नलिनु मुलुकको सबभन्दा ठूलो दुर्भाग्य हो ।

समाजको यथार्थ स्पष्ट छ– शिक्षा, स्वास्थ्य, रोजगारी, आवास जस्ता आधारभूत सुविधा गाउँमै सहज उपलब्ध नभएसम्म गाउँ बस्न सजिलो हुँदैन। शहर पस्न सजिलो र गाउँ बस्न असजिलो हुने अवस्था कायम रहँदा "गाउँ फर्काउने सपना" केवल भाषणमा सीमित हुन्छ । यथार्थमा कुनै युवा वा परिवार आफ्नो जीवनका आधारभूत आवश्यकता अपूरा राखेर गाउँ फर्कन सक्दैन । यस्तो अवस्थामा अबको आवश्यकता भनेको तीनै तहका सरकारबीच सशक्त समन्वय र जवाफदेहीपन हो। विशेष गरी स्थानीय सरकारलाई 'घरदैलोको सरकार' भनिएको छ। त्यसैले स्थानीय सरकार बढी जिम्मेवार बन्नु अनिवार्य छ। गाउँका आवश्यकता बुझ्ने, नीति–कार्यक्रम र बजेट बनाउने, अनि त्यसलाई इमानदारीपूर्वक कार्यान्वयन गर्ने जिम्मेवारी पनि स्थानीय सरकारकै हो ।

गाउँलाई पुनर्जीवन दिन सक्ने मुख्य क्षेत्रहरु पहिचान गर्न कठिन छैन । कृषि, पशुपालन, घरेलु उद्योग, पर्यटन, सीपमूलक रोजगारी, डिजिटल पहुँच, स्वास्थ्य र शिक्षा। यी क्षेत्रमा समान र न्यायपूर्ण विकासमार्फत मात्र गाउँ आकर्षक बन्न सक्छ। युवालाई गाउँमै आत्मनिर्भर बनाउने वातावरण सिर्जना गर्न सकियो भने पलायन रोकिन्छ । आत्मनिर्भर गाउँ मात्र समृद्ध नेपाल निर्माणको आधार हो । हामी प्राकृतिक स्रोत–साधनमा धनी छौं। तर मानव स्रोत पलायन भइरहेको छ। यो अवस्थालाई उल्ट्याउन सक्ने शक्ति हामी आफैंमा छ। आवश्यक कुरा भनेको इच्छाशक्ति र व्यवहारिक कार्यान्वयन हो। गाउँ उज्यालो हुँदा मात्र शहर र देश उज्यालो हुन्छ भन्ने चेतना सबै तहका नेतृत्व र नीतिनिर्माताामा जागृत हुनुपर्छ।

समृद्ध नेपाल बनाउने बाटो शहरको चमकधमकमात्र होइन, गाउँको जीवन्ततामा पनि निहित छ । गाउँमा आत्मसम्मानका साथ बस्न सक्ने आधार बनाइए मात्र युवा फर्किन्छन्, संस्कृतिको संरक्षण हुन्छ र हाम्रो मौलिक पहिचान सुरक्षित हुन्छ। अन्तत: आजको आवश्यकता हो– गाउँलाई फेरि गुल्जार बनाउने। तीजजस्ता पर्व गाउँमै रमाउने वातावरण बनाउनुपर्छ । युवाहरु स्वदेशमै आत्मनिर्भर बन्न सकून्, संस्कृति जोगाउन गर्व गर्न सकून्– यही हो समृद्ध नेपालको मार्ग। हामी गरिब जन्मेका हौं, तर गरिबी हाम्रो नियति होइन । यसको अन्त्य हाम्रो साझा जिम्मेवारी हो ।

इ.नं. १४३/०७३/७४ ला.नं. ६२/०७४/७५ जि.प्र.का.द.न. २९२१/०७३/७४ पान नं. ६०५६१८१२७
छिम्केश्वरी सामुदायिक विकास तथा सञ्चार केन्द्र तनहुँ द्वारा सञ्चालित
फोन नं. ०६५-५८०४००
रेडियो छिम्केश्वरी
१०६.२ मेगाहर्ज
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: भानु-१, नयाँबस्ती, तनहुँ
Gmail: radiochhimkeshwori@gmail.com
Web: www.radiochhimkeshwori.com.np

ला.नं. ६९/०७५/७६ इ.नं. १०१३/०७४/७५ पान नं. ६०६८७३११०
छिम्केश्वरी मिडिया हाउसद्वारा सञ्चालित
POWER FM 95.6 Get Set Power!
Power fm
95.6 MHz
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: बन्दिपुर-४, शिलथोक, तनहुँ
फोन नं. ०६५-५८०५००
Gmail: powerfm95.6@gmail.com
Web: www.powerfm.com.np

# यसरी हुनसक्छ युवा व्यवस्थापन

संयुक्त राष्ट्रसंघले सन् १९८५ लाई युवा वर्ष घोषणा गरेको थियो । सन् १९९९ देखि युवाका आवाजलाई बुलन्द गर्ने हिसाबले हरेक वर्ष १२ अगस्टका दिन युवा दिवसका रूपमा मनाउने गरिन्छ। युवाहरु स्वभावैले ऊर्जाशील, सकारात्मक परिवर्तनका संवाहक र परिवर्तनका उत्प्रेरक हुन् । युवा भन्ने बित्तिकै शारीरिक, मानसिक शक्तिले ऊर्जाशील व्यक्तित्व बुझिन्छ। आजको युवाले राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरण सक्रिय भएर लग्नु जरूरी छ । यो वर्ग साहस, सिर्जनशील, उच्च आत्मविश्वास, निर्णय गर्न सक्ने क्षमता, काम गर्न सक्ने तत्परता भएको हुँदा राष्ट्र निर्माणमा सहभागी गराई देशको मानवीय पुँजीका रूपमा राज्यले परिचालन गर्नु पर्दछ। उमेरको हदलाई हेरी युवाको परिभाषा विभिन्न मुलुकका सरकारले आ–आफ्नै तरिकाले गरेको पाइन्छ ।

नेपालको राष्ट्रिय युवा परिषद् ऐन, २०७२ तथा राष्ट्रिय युवा नीति, २०७२ ले १६ देखि ४० वर्ष उमेरकालाई युवा घोषित गरेएको छ। 'युथ भिजन २०२५' ले युवाको उमेर समूहलाई १६ देखि २४ वर्ष र २५ देखि ४० वर्ष गरी दुई उमेर समूहमा विभाजन गरेको छ । भारतले १६ देखि २९ वर्ष, चीनले १८ देखि ३५ वर्ष, जर्मनीले १४ देखि २६ वर्ष, बङ्गलादेश र फिलिपिन्सले १५ देखि ३० वर्ष, दक्षिण अफ्रिकाले १५ देखि २९ वर्षलाई युवा भनी घोषणा गरेका छन् । युवाको परिभाषा आ–आफ्नै तरिकाले भने पनि अधिकांश देशमा युवाको उमेर १५ देखि ३५ वर्षको उमेरलाई प्राथमिकता दिएको पाइन्छ। राष्ट्रसंघीय जनसंख्या कोषले भने काम गर्नसक्ने उमेर भनेको १५ देखि ६४ वर्षको जनसंख्यालाई मानेको छ तर हाम्रो देशमा भने ४१ वर्षदेखि माथिको उमेरलाई पाको उमेरको संज्ञा दिइएको छ। कैयन् विभिन्न सेवामा काम गर्ने मानिस ५० वर्षदेखि पेन्सन पकाएका छन् भने ५९ वर्षमा त काम गर्न नै नसक्ने भनेर अवकाश गरी घरमा नै बसेको पाइन्छ ।

हाम्रो देशको कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाको नीति, नियम, कानून, विनियम राम्रोसँग अध्ययन गरी परिवर्तन गर्नु पर्दछ । नीति नियमले नै एउटै नेपाली जनतालाई काखा र पाखा गरेको छ । नेपालमा उद्योग धन्दाहरु नहुँदा, युवावर्गलाई विदेशिन बाध्य हुन पुगेका छन् । नेपाल सरकारले ११० देशलाई संस्थागतरूपमा वैदेशिक रोजगारमा जान खुला गरेको छ । व्यक्तिगत श्रम स्वीकृतिमा १७२ मुलुकमा नेपाली कामका लागि वैदेशिक रोजगारमा गएका छन् । आर्थिक वर्ष २०७७/७८ सम्म ४४ लाख ३३ हजार ८१२ जना कामदार वैदेशिक रोजगारमा गएका छन् । उक्त संख्या भारतबाहेक अन्य मुलुकको तथ्याङ्क हो । यदि भारतलाई पनि जोडे भने जम्माजम्मी ८० लाखभन्दा बढी युवा बाहिरिएको देखिन्छ। वैदेशिक रोजगारमा गएकामध्ये दक्ष कामदार १.५ प्रतिशत, अर्द्धदक्ष कामदार २.४ प्रतिशत, अदक्ष कामदार ७४.५ प्रतिशत रहेको छ । यही आर्थिक वर्ष २०७७/७८ सम्ममा वैदेशिक रोजगारमध्ये मलेसियामा २८.४ प्रतिशत, कतारमा २.७ प्रतिशत, साउदी अरेबियामा २०.९ प्रतिशत छन् । यसमा भारत जाने कामदारको संख्या समावेश गरिएको छैन।

**युगको युवा**

नेपालको इतिहास हेर्ने हो भने १०४ वर्ष राणाशासनको युग थियो । ३० वर्षको पञ्चायती शासनको युग थियो । विसं २०४६ देखि २०६२/०६३ को बहुदलीय व्यवस्थाको युग थियो । विसं २०६२/६३ देखि आजसम्म लोकतान्त्रिक गणतन्त्रको युग छ । हरेक युगलाई हेर्‍यौं भने हरेक परिवर्तनलाई अध्ययन गर्‍यौं भने तत्कालीन युवाले नै परिवर्तनमा भूमिका खेलेको पाइन्छ। त्यतिबेलाको परिवर्तन धेरै गाह्रो थियो । कठिन थियो । बोल्न, लेख्न पाइँदैनथ्यो । शासक वर्गको कठपुतली बन्दै जे पनि हुन्छ भनेर भन्नु पर्दथ्यो । त्यसकारणले पनि हामीले हाम्रा पुर्खालाई मानसम्मान गर्दै आदर गर्दै हरेक पार्टीका युवाले आफ्नो अभिभावक र संरक्षक बनाएर राज्य सञ्चालन र देशको विकास गर्न युवा वर्ग चालक/पाइलट बनेर अगाडि बढ्नुपर्दछ ।

हाम्रा पुर्खाको अनुभव, ज्ञान, दक्षता, क्षमता भनेको शासन परिवर्तन गर्ने, लडाइँ गर्ने, जेल बस्ने, जङ्गलबाट युद्ध गर्ने, सत्ता परिवर्तन गर्ने जस्ता साहसिला काम गर्नुभयो। जेलनेल बस्दा विश्वविद्यालय अध्ययन गर्न पाउनु भएन, राम्रा पुस्तक अध्ययन गर्न पाउनु भएन । संसारको देशमा कस्तो विकास भएको छ सोको पहिचान गर्न पाउनुभएन । विकासको रणनीतिक धारणा थाहा पाउनुभएन । अहिलेको युवाहरूले आफ्नै देशमा राम्रा राम्रा स्कुल, कलेज, विश्वविद्यालयमा अध्ययन गर्ने मौका पाएका छन् । विश्वका विश्वविद्यालयमा अध्ययन गरेका छन् । विश्वका विकसित मुलुकको अध्ययन गरेका छन् । सूचना र प्रविधिको उपयोग गर्न पाएका छन् । स्थल, जल र वायुयानको माध्यमद्वारा छिटो भन्दा छिटो यात्रा गर्न पाएका छन् ।



♦ डा राजेन्द्र केसी

**एक्काइसौं शताब्दीको विकास र आवश्यकतासंग परिचित छन् । पहिचान गर्न सक्छन् । अबको विकास अघिल्लो पुस्तालाई चाहिने होइन । अबको विकास सकिन्छ हाम्रो पुस्ताले उपयोग गर्ने हो, सकिंदैन भने अर्को पुस्ताले उपयोग गर्ने हो। एकपटक यो पुस्ता 'बौलाहा' बनेर काम गर्नुपर्दछ । 'पागल' बनेर काम गर्नु पर्दछ ।**

एक्काइसौँ शताब्दीको विकास र आवश्यकतासँग परिचित छन् । पहिचान गर्न सक्छन् । अबको विकास अघिल्लो पुस्तालाई चाहिने होइन । अबको विकास सकिन्छ हाम्रो पुस्ताले उपयोग गर्ने हो, सकिँदैन भने अर्को पुस्ताले उपयोग गर्ने हो । एकपटक यो पुस्ता 'बौलाहा' बनेर काम गर्नुपर्दछ । 'पागल' बनेर काम गर्नु पर्दछ । अहिलेको पुस्ताको ज्ञान, बुद्धि, विवेक, चाहना भनेको व्यवस्थापनमा छ, विचारमा छ, विकासमा छ, बजारमुखी अर्थतन्त्रमा छ, उत्पादनमुखी अर्थतन्त्रमा छ, स्वावलम्बी बन्नेमा छ, एन्टरप्रेनरसिपमा छ, स्टार्टसअप व्यवसायमा छ, स्वतन्त्र तरिकाले काम गर्नेमा छ ।

यो देश बनाउन लगभग ४१ प्रतिशत युवाको इच्छा, चाहना, विचार र आवश्यकता बुझ्ने र बुझाउने राजनैतिक नेतृत्व, व्यावसायिक नेतृत्व र कुशल प्रशासकको आवश्यकता पर्दछ । आगामी पुस्ताको लागि, यो पुस्ताले नेतृत्व लिनैपर्दछ। प्रशासन चलाउनु नै पर्दछ । हरेक व्यक्ति, समाज, र देशमा एउटा युग आउँछ, त्यस समयमा शासन पद्धति त्यही युगका व्यक्तिले चलाउँछ । आज नेपालमा युवाको 'युग' आएको छ । केही दशक वा हिजोसम्म धेरै उमेर र अनुभवी व्यक्तिको युग थियो । त्यो युग आज फेल भएको प्रमाणित भएको छ । यसको प्रमाण धेरै छन्, जसमध्ये ८० लाखभन्दा बढी युवा संसारका विभिन्न देशमा कामको खोजीमा छन् ।

अब यो विदेशिएका युवालाई स्वदेशमा फिर्ता गर्नुपर्ने देखिन्छ । अबको नेतृत्व युवाले गर्नु पर्दछ । यो देशको मुहार फेर्नुपर्दछ । संसारको हरेक देशलाई हेर्‍यौं भने हामीजस्तै गरी उठेका छन् । मरूभूमि बालुवाबाट उठेका छन् । चिसोभन्दा चिसो हावापानी र हिउँबाट उठेका छन्। तातोभन्दा तातो हावापानीबाट माथि उठेका छन्, जुन देश बन्नका लागि एक समय युवाहरूले त्याग गरे र देश निर्माण गरे । हाम्रा युवाहरूले संसारको १७२ देश प्रत्यक्ष वा अप्रत्यक्ष तरिकाले बनाइसके । अब आफ्नै देश किन नबनाउने ? आफ्नै देश बनाउने बेला आएको छ ।

युवाको परिभाषा र युवा हुनका लागि समाजको परिवर्तन र रूपान्तरणमा देन दिन सक्नुपर्दछ । आफूले आफ्नै स्वार्थको लागि काम गर्नु युवाको परिभाषा भित्र पर्दैन । तर, आफूलाई परिवर्तन गरेर समाजलाई परिवर्तन गर्नुपर्दछ । परिवर्तन यति सजिलो छैन, ठूलो त्याग र तपस्या गर्नुपर्दछ । यसको लागि प्रशस्त मात्रामा अनुशासन र आफूले आफूलाई कानून बनाएरअगाडि बढ्नुपर्दछ । सरकारले बनाएको कानुनले व्यक्तित्व विकास गर्न कुनै सहयोग गर्दैन। आजको युवाले बिर्सनै नहुने विषय के हो भने जीवनका ससाना विषयवस्तुलाई मध्यनजर गरी कार्य गर्नुपर्दछ; जस्तै–दैनिक क्रियाकलाप, समयको सही व्यवस्थापन, साथीसँगको उठबस, सकारात्मक सोचको विकास, पारिवारिक सम्बन्ध, सामाजिक कार्यमा संलग्न, माया, प्रेम, शैक्षिक कार्यक्रममा सहभागिता नेतृत्वदायी भूमिका, साहित्यिक काममा संलग्न, नयाँनयाँ पुस्तकको अध्ययन, आफूभन्दा ठूला मानिससँगको सङ्गतलगायत कार्यहरूलाई आफ्नो दैनिकीमा राख्नुपर्दछ।

जहिले पनि परिवर्तन सानो विषयबाट हुन्छ, परिवर्तन एउटा विषयबाट सुरु गरेर उक्त विषयलाई अन्त्य गर्न सक्नुपर्दछ। परिवर्तन गर्न चाहनेले कहिल्यै पछि हट्नुहुँदैन र कहिले अल्छी गर्नु पनि हुँदैन । यो संसार सक्नेका लागि हो, कसैले कसैलाई टीका लाएर केही पनि दिएको छैन । यो आकाश खुल्ला छ, उड्नेको लागि बाटो खाली छ, पैदलबाट हिँड्नुस् वा गाडीबाट गुड्नुस् वा चुप लागेर घरमा बस्नुस् दुवै बाटो खुल्ला छ। हामी कहाँ जान चाहन्छौं र कसरी यसलाई व्यवहारमा प्रयोग गर्छौ

बाँकी तेश्रो पेजमा

## तपाईंको आज

**मेष**
साथीभाइको सहयोग जुट्नाले व्यावसायिक लक्ष्य प्राप्त हुनेछ। दिगो काम सुरू गर्ने समय छ।

**वृष**
व्यवसायमा लगानी बढाउनुपर्ने हुन सक्छ। खर्चिलो काम थालनी हुनेछ। आकस्मिक समस्याले खर्च बढ्न सक्छ।

**मिथुन**
श्रम परे पनि लगनशीलताले विशेष उपलब्धि दिलाउनेछ। भविष्यका लागि सम्भावना खोजी गर्ने समय छ।

**कर्कट**
बिहानको योजना दिउँसोतिर कार्यान्वयन गर्न सकिनेछ। पुरूषार्थी काम गर्दै लाभ उठाउने मौका छ।

**सिंह**
आँटले कीर्तिमानी दिलाउनेछ। परोपकारी काममा प्रवृत्त भइनेछ। दिगो फाइदा हुने जिम्मेवारी प्राप्त हुने देखिन्छ।

**कन्या**
मिहिनेतले पहिलेको स्थितिमा सुधार आउनेछ र गुमेको स्थान प्राप्त हुनाले आफ्नो वर्चस्व बढ्नेछ।

**तुला**
अरूको प्रभावमा परिने हुँदा गोपनीयता भंग हुन सक्छ। आफ्ना कमजोरी भरसक सार्वजनिक नगर्नुहोला।

**वृश्चिक**
स्वास्थ्यबाधा हुन सक्छ। साथ दिनेहरु नहुँदा दु:ख पाइनेछ। सामान्य काममा धन र श्रम समेत खर्च हुनेछ।

**धनु**
सहपाठीहरु पछि पर्नेछन् भने प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ।

**मकर**
प्रियजनसँग भेटघाट हुनुका साथै आतिथ्यपूर्ण सम्मान प्राप्त होला। आफन्तहरूको साथ जुट्नेछ।

**कुम्भ**
शत्रु परास्त हुनेछन् भने रोगबाट उन्मुक्ति मिल्नेछ। विवाद तथा मुद्दाहरूमा आफ्नो पक्ष बलियो रहनेछ।

**मीन**
प्रयत्न गर्दा अवसर प्राप्त हुनेछन् र मनग्य फाइदा उठाउन सकिनेछ। परिश्रम परे पनि लक्ष्य प्राप्त हुनेछ।

# यसरी हुनसक्छ......

भन्ने कुराको दृष्टिकोण, लक्ष्य र उद्देश्य स्पष्ट हुनुपर्दछ र त्यसैमा तल्लीन भएर लाग्नुपर्दछ । यसैलाई व्यवहारमा उतार्न सक्नुपर्दछ ।

**नेपाली युवाको अवसरका क्षेत्र**

हाम्रो देश हरेक हिसाबले उर्वर भूमि हो । यो भूमिमा जे पनि फल्छ र फलाउन सकिन्छ। हिमाल छ, पहाड छ, तराई छ, खेतीयोग्य जमिन छ, पर्यटन स्थल छ, जडीबुटी, जङ्गल, जल र अनगन्ती नदीनाला छ । त्यस्तै गरी नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले पनि युवासँग गरिने विविध प्रकारका योजना छन् । नेपाली युवाको अवसरका क्षेत्र हामो देश हरेक हिसाबले उर्वर भूमि हो । यो भूमिमा जे पनि फल्छ र फलाउन सकिन्छ। हिमाल छ । पहाड छ । तराई छ। खेतीयोग्य जमिन छ । पर्यटन स्थल छ । जडीबुटी, जङ्गल, जल र अनगन्ती नदीनाला छन् । त्यस्तैगरी नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले पनि युवासँग गरिने विविध प्रकारका योजना छन् । युवा तथा खेलकुद मन्त्रालयले युवासँग सरोकार हुने राष्ट्रिय युवा नीति, २०६६ जारी गरेको छ ।

राष्ट्रिय युवा नीतिमा युवाका क्षेत्रमा काम गर्ने युवाहरु राजनीतिक क्षेत्रमा आबद्ध युवा, विशेष प्राथमिकता क्षेत्रका युवा, अपाङ्गता भएका युवालाई सहभागी गर्दै लैजाने रणनीति छ । मन्त्रालयले युवा साझेदारी कार्यक्रम, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय युवा अनुभव आदानप्रदान कार्यक्रम, युवा सूचना केन्द्र, स्वरोजगारको लागि तालिम, युवा प्रतिभा सम्मान कार्यक्रम र युवा उत्तरदायी बजेट कार्यक्रममा सहभागी भइरहेको छ । युवा सूचना केन्द्र, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय युवा गैरसरकारी संघ–संस्थासँग मिलेर अगाडि बढाउने कार्यक्रम स्थानीयस्तरसम्म युवाको सञ्जाल बनाउने कार्यक्रम गरी रहेको छ । राष्ट्रको अमूल्य मानवस्रोत र ऊर्जाको भण्डार युवा हो ।

युवा तथा खेलकुद मन्त्रालयले युवासँग सरोकार हुने राष्ट्रिय युवा नीति, २०६६ जारी गरेको छ । राष्ट्रिय युवा नीतिमा युवाका क्षेत्रमा काम गर्ने युवाहरु राजनीतिक क्षेत्रमा आवद्ध, विशेष प्राथमिकता क्षेत्रका युवाहरु, अपाङ्गता भएका युवालाई सहभागी गर्दै लैजाने रणनीति छ। मन्त्रालयले युवा साझेदारी कार्यक्रम, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय युवा अनुभव आदान–प्रदान कार्यक्रम, युवा सूचना केन्द्र, स्वरोजगारका लागि तालिम, युवा प्रतिभा सम्मान कार्यक्रम र युवा उत्तरदायी बजेट कार्यक्रममा सहभागी भइरहेको छ। युवा सूचना केन्द्र, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय युवा गैरसरकारी संघ–संस्थासँग मिलेर अगाडि बढाउने कार्यक्रम, स्थानीयस्तरसम्म युवाहरूको सञ्जाल बनाउने कार्यक्रम गरिनै रहेको छ ।

रासस (समाज रूपान्तरण अभियानमा क्रियाशील लेखक साउथ स्टेन ग्रुपका संस्थापक अध्यक्ष हुनुहुन्छ)

# बिहारमा मतदान, प्रधानमन्त्री मोदीका लागि ‘लोकप्रियताको परीक्षा’

रासस/एपी/पटना

भारतको पूर्वी राज्य बिहारमा बिहीबार जारी विधानसभा निर्वाचनलाई प्रधानमन्त्री नरेन्द्र मोदीका लागि राजनीतिक ‘लोकप्रियताको परीक्षा’ का रूपमा हेरिएको छ । देशको प्रभावशाली राज्यहरूमध्ये एक बिहारमा भएको यो निर्वाचनले मोदीको नेतृत्वमा रहेको राष्ट्रिय लोकतान्त्रिक गठबन्धन (एनडिए) को प्रभाव र जनसमर्थन कति मजबुत छ भन्ने संकेत गर्ने अपेक्षा गरिएको छ । दुई चरणमा सम्पन्न मतदानअन्तर्गत २४३ सिटका लागि बिहारभरका मतदान केन्द्रहरूमा लाखौँ मतदाताहरु लामबद्ध भएर मतदान गरिरहेका छन् ।



बेरोजगारी, कानून र व्यवस्थाको समस्या तथा मतदाता सूची संशोधनमा देखिएको अनियमितता सम्बन्धी सार्वजनिक असन्तुष्टिका बीच सम्पन्न यो निर्वाचनको परिणाम नोभेम्बर १४ मा सार्वजनिक गरिनेछ। परिणामले मोदीको नेतृत्वमा रहेको एनडिएले आफ्नो प्रभुत्व कायम राख्न सक्छ वा शासन र अर्थतन्त्रका प्रश्नमा असन्तुष्ट जनताले विपक्षी गठबन्धनलाई समर्थन जनाउँछन् भन्ने संकेत गर्नेछ ।

**मोदीका लागि बिहारको राजनीतिक अर्थ**

बिहारलाई लामो समयदेखि भारतको राजनीतिक ‘अग्रदूत’ अर्थात् राजनीतिक रूझान बताउने राज्यका रूपमा हेरिन्छ । यही कारणले यो चुनाव प्रधानमन्त्री मोदीका लागि अत्यन्तै महत्त्वपूर्ण ठहरिएको हो।

सन् २०२९ को आम निर्वाचन र त्यसअघि हुने उत्तर प्रदेश, पश्चिम बङ्गाल तथा असमका राज्य चुनावहरूलाई ध्यानमा राख्दै मोदीले बिहारमा जितद्वारा आफ्नो राजनीतिक गति कायम राख्ने प्रयास गरिरहनुभएको छ ।

बिहारले भारतीय संसद्को तल्लो सदनमा ४० जना सांसद पठाउँछ । यसकारण यहाँको जितले मोदीको संघीय गठबन्धनलाई बलियो बनाउनेछ भने हारले विपक्षी दलहरूलाई नयाँ ऊर्जा प्रदान गर्न सक्छ ।

नयाँदिल्लीका राजनीतिक विश्लेषक सिद्धार्थ मिश्राले भन्नुभयो, “यो चुनाव केवल गठबन्धनका लागि मात्र होइन, सत्ता समीकरणका लागि निर्णायक छ । यदि मोदीको नेतृत्वमा रहेको एनडिए असफल भयो भने त्यसले केन्द्रमा रहेको उहाँको सरकारको स्थायित्वमा पनि प्रश्न उठाउन सक्छ ।” गत वर्षको संघीय चुनावमा भाजपाले पूर्ण बहुमत नपाएपछि जनता दल (युनाइटेड) र लोक जनशक्ति पार्टी (रामविलास) सँग मिलेर सरकार गठन गरेको थियो । यी दलहरु अहिले बिहारमा पनि मोदीका प्रमुख साझेदारका रूपमा रहेका छन् ।

**विपक्षी दलहरूको चुनौती र मतदाता असन्तुष्टि**

बिहारमा सत्तारूढ गठबन्धनको नेतृत्व जनता दल (युनाइटेड) का मुख्यमन्त्री नितिश कुमारले गर्नुभएको छ । जनता दल (युनाइटेड) प्रमुख सहयोगी दल भारतीय जनता पार्टी (भाजपा) हो । ७४ वर्षीय कुमार करिब दुई दशकदेखि राज्यको नेतृत्वमा रहँदै आउनुभएको छ । उहाँलाई राज्यको पूर्वाधार विकास र कानून–व्यवस्थामा सुधारको श्रेय दिइन्छ ।

एक समय मोदीका राजनीतिक प्रतिद्वन्द्वी रहेका कुमार पछिल्ला वर्षहरूमा पुनः एनडिएमा फर्किनुभएको हो । राजनीतिक विश्लेषकहरूले भनेका छन्, “यदि बिहारमा एनडिए पराजित भयो भने, कुमारको दलभित्र विभाजन हुने सम्भावना बढ्नेछ र त्यसले मोदी सरकारको संघीय स्थायित्वमा पनि असर पार्न सक्छ ।”

नयाँदिल्लीका राजनीति विज्ञ प्राध्यापक रवि रञ्जनका अनुसार यो चुनावले बिहारको नेतृत्व मात्र नभई, संघीय सत्ता सन्तुलनलाई समेत प्रभावित गर्न सक्छ । विपक्षमा कांग्रेससँग गठबन्धन गरेको राष्ट्रिय जनता दल (राजद) चुनावी मैदानमा छ । मोदीका पूर्व चुनाव प्रबन्धक प्रशान्त किशोरले बनाएको नयाँ राजनीतिक समूह ‘जन सुराज’ पनि प्रतिस्पर्धामा उत्रिएको छ ।

कांग्रेसका नेता राहुल गान्धीले हालै निर्वाचन आयोगमाथि मतदाता सूचीको संशोधनलाई राजनीतिक लाभका लागि गरिएको भन्दै आलोचना गर्नुभएको छ । जुनदेखि राज्यका करिब सात करोड ४० लाख मतदातामध्ये करिब १० प्रतिशतको नाम सूचीबाट हटाइएको बताइन्छ। विपक्षी दलहरूले यस कदमले गरीब र अल्पसंख्यक समुदायलाई मताधिकारबाट वञ्चित गरेको आरोप लगाएका छन् । निर्वाचन आयोगले भने जनसांख्यिकीय परिवर्तन, बसाइँसराइ र मृत्युका कारण सूची संशोधन आवश्यक रहेको स्पष्ट पारेको छ ।

**आर्थिक चुनौती र मतदाताको अपेक्षा**

बिहार कृषि प्रधान र भारतको सबैभन्दा आर्थिक रूपमा कमजोर राज्यहरूमध्ये एक हो । यहाँ करिब १३ करोड जनसंख्या रहेको छ । रोजगारी सिर्जना र आर्थिक समृद्धि दुवै पक्षका मुख्य चुनावी मुद्दा बनेका छन् । भाजपा गठबन्धन र विपक्षी दलहरूले लाखौँ सरकारी रोजगारी सिर्जना गर्ने वाचा गरे पनि अर्थशास्त्रीहरूले राज्यको कमजोर आर्थिक अवस्थालाई देखाउँदै त्यसको व्यवहारिकता माथि शङ्का व्यक्त गरेका छन् ।

सेप्टेम्बर महिनामा प्रधानमन्त्री मोदीले महिला मतदाताहरूलाई लक्षित गर्दै ७५ लाख महिलालाई रोजगार कार्यक्रमअन्तर्गत १० हजार भारतीय रूपैयाँ (झन्डै ११३ अमेरिकी डलर) नगद सहायता प्रदान गर्नुभएको थियो। बिहारमा पुरूषहरु प्रायः रोजगारीका लागि बाहिरिने भएकाले महिलाहरु निर्णायक मतदाता समूहका रूपमा रहेका छन् ।

मुम्बईस्थित टाटा इन्स्टिच्युट अफ सोसल साइन्सेजका पूर्व प्राध्यापक तथा सामाजिक–अर्थशास्त्री पुष्पेन्द्र कुमार भन्नुहुन्छ, “बिहारको यो चुनावले राज्यको विरोधाभासलाई प्रस्ट पार्छ– जनसंख्याको ठूलो हिस्सा गरिबीमा बाँचिरहेको छ, तर सत्तारूढ गठबन्धनले राज्यलाई विकासको बाटोमा राखेको दाबी गर्छ ।” उहाँका अनुसार सरकारले केही कल्याणकारी कार्यक्रमहरु सुरू गरे पनि भूमिहीनता, न्यून ज्याला र सीमित रोजगारीका अवसरजस्ता दीर्घकालीन समस्याहरूलाई सम्बोधन गर्ने ठोस नीति अझै देखिएको छैन।


## अस्पतालको सेवा सम्बन्धी सूचना

जाडो मौसमको सुरूवातसंगै मिति २०८२/०७/१६ गते आईतवारदेखि लागु हुने गरी परिमार्जीत ओपिडी (OPD) समय तालिका निम्न अनुसार रहेको छ ।

**आईतवारदेखि विहीवारसम्म**

- **ओपिडी (OPD) टिकट काट्ने समय**
  विहान ८:०० देखि दिउँसो २:०० बजेसम्म
- **ओपिडी (OPD) समय (विरामी जाँच समय)**
  विहान ८:३० देखि दिउसो ४:०० बजेसम्म

**शुक्रवार**

- **ओपिडी (OPD) टिकट काट्ने समय**
  विहान ८:०० देखि दिउसो १:०० बजेसम्म
- **ओपिडी (OPD) समय (विरामी जाँचगर्ने समय)**
  विहान ८:३० देखि दिउसो ३:०० बजेसम्म

**विशेषज्ञ सेवा**

- बालरोग (Pediatrics) कोठा नं. ८, प्रत्येक दिन १०:००देखि३:०० बजेसम्म
- हाडजोनी (Orthopedics) OPD कोठा नं. ३, आईतबार, मंगलबार, विहीबार (१०:००-३:००) अपरेशन सेवा: सोमबार, बुधबार, शुक्रवार ।
- प्रशुती तथा स्त्रीरोग (महिला सम्बन्धी) OPD कोठा नं. ११, आईतबार, मंगलबार, विहीबार (१०:००-३:००)

**अपरेशन सेवा: सोम, बुध, शुक्रवार**

- सर्जरी (Surgery) अपरेशन सेवा मंगलबार, विहीबार ।
- छाला, यौन तथा कुष्ठरोग (Dermatology) कोठा नं. ४, आईतवारदेखि शुक्रवार १०:०० देखि ३:००

साथै विशेषज्ञ EHS सेवा प्रत्येक दिन २:००बजेदेखि ३:००बजेसम्म हुनेछ
पुनश्च: शनिवार र सार्वजनिक विदाका दिनहरूमा ओपिडी बन्द हुनेछ

अस्पताल प्रशासन
प्रदेश अस्पताल दमौली, तनहुँ



## प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धी सुचना

**प्रकाशित मिति: २०८२/०७/२१**

गण्डकी प्रदेश, तनहुँको बन्दीपुर गाउँपालिका क्षेत्र भित्र निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावको नाम र विवरण | तनहुँ जिल्ला,बन्दिपुर गाउँपालिका वडा नं. २ मा पर्ने रिता बास्तोला बरालको नाउँमा रहेको जग्गाको कित्ता नं. १४८ र ४५ बाट खानी जन्य पदार्थ स्लेट ढुङ्गा तथा अन्य छपनी ढुंगा दिगो र वातावरण मैत्री रुपले उत्खनन् तथा संकलन कार्य गर्नका लागि प्रारम्भिक वातावरणीय परीक्षण। |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारि गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बिच के कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न निम्न स्थान, मिति र समयमा सार्वजनिक सुनुवाई हुने भएकोले सरोकारवाला सबैमा उपस्थितिका लागि अनुरोध छ ।

**सार्वजनिक सुनुवाइ कार्यक्रम:**

| | |
|---|---|
| मिति: २०८२/०७/२७ , बिहिबार<br>समय: बिहानको ११ बजे देखि १२ बजे सम्म<br>स्थान: थारुबास आँप बगैंचा, बन्दीपुर-२ तनहुँ । | प्रस्तावकको नाम र ठेगाना:<br>श्री दियो इन्जिनियरिङ सर्भिस प्रा.लि., आँबुखैरेनी-३, तनहुँ। |



## मिर्लुङ पोलिक्लिनिक प्रा.लि.

व्यास नगरपालिका-२, दमौली तनहुँ

फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८

**सम्बन्धित विरामीले विशेषज्ञ चिकित्सकद्वारा उपचार सेवा लिनुहोस**

कात्तिक २२ गते शनिबार



प्रोफेसर डा. जय बहादुर खत्री
वरिष्ठ स्नायु, मानसिक, नशा तथा लागुऔषध रोग विशेषज्ञ
(Manipal Teaching Hospital, Pokhara)

**स्वास्थ्य परीक्षण तथा उपचार गरिने प्रमुख रोगहरु र लक्षणहरु:**

**१. मानसिक स्वास्थ्य सम्बन्धी समस्या:**
- अत्यधिक तनाव, चिन्ता वा डर लाग्ने समस्या
- निद्रा नलाग्ने, बारम्बार झस्किने
- डिप्रेसन (अवसाद), एक्लोपन, निराशा
- अत्यधिक रिस उठ्ने वा आफैंलाई क्षति पुऱ्याउने सोच

**२. स्नायु (Neurology) सम्बन्धी समस्या:**
- झट्का लाग्ने (Epilepsy/Seizures)
- हातखुट्टा कमजोर वा चल्न नसक्ने
- मस्तिष्क पक्षघात (Stroke)
- स्मरण शक्ति गुम्ने, बोली गडबड हुने
- पार्किन्सन, टाउको दुखाइ, चक्कर आदि

**३. नशा र लागुऔषध दुर्व्यसन सम्बन्धी समस्या:**
- मदिरा, चुरोट, गाँजा, ब्राउन सुगर, ट्याब्लेट आदिको लत
- नशा नपाउँदा बेचैनी, कम्पन, पसीना आउने
- नशा छोड्न कठिनाइ, बारम्बार प्रयत्न असफल हुने
- पुन:स्थापना र मनो-सामाजिक परामर्श आवश्यक पर्ने अवस्था
- समयमै जाँच गरौं, स्वस्थ मानसिकता र जीवनशैली अपनाऔं।
- शरीरको मात्र होइन, मनको पनि उपचार आवश्यक छ।

**हाम्रा उपलब्ध सेवाहरू :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी नि:शुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा ।

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९




**भूमिगत विद्युत तार** : कास्कीको पोखरा महानगरपालिका-८ सभागृहचोकमा विद्युतीय तार भूमिगत गर्न उपकरणको सहायताले खाल्डो खन्दै मजदुर । नेपाल विद्युत् प्राधिकरणले पोखराको मुख्य सहरी क्षेत्रमा तार भूमिगतको काम गरिरहेको छ । *तस्बिर : राम थापा/रासस*

# जलनको पीडा रोकथाम ...........

घाइतेको पूर्णउपचार कीर्तिपुर बर्न अस्पताल, सुष्मा कोइराला मेमोरियल अस्पातल साँखुमा हुने गरेको छ । वीर अस्पताल, शिक्षण अस्पताल, धरान, पोखरा र चितवनका केही अस्पतालमा पनि जलन उपचारका आंशिक सेवा उपलब्ध भएपनि सबै ठाउँमा विशेषज्ञ सुविधा छैन । कीर्तिपुर अस्पतालमा बर्सेनि छ सय बिरामी अस्पताल पुग्ने गर्छन् भने टिचिङमा तीन सय र सुष्मा मेमोरियलमा तीन सय बिरामी पुग्ने गरेको ती अस्पतालको तथ्याङ्क छ । जलनमा परेपछि काठमाडौँ आउनेमध्ये ९० प्रतिशतभन्दा बढी बिरामी काठमाडौँ बाहिरका हुने कीर्तिपुर बर्न अस्पतालको तथ्याङ्कमा उल्लेख छ । यहाँ आधुनिक बर्न युनिट, प्लास्टिक सर्जरी र पुनर्स्थापना सेवाहरु उपलब्ध छन्।

जलनका घाइतेलाई उपचार गर्न भनेर बनाइएका सरकारी अस्पताल छैनन् । जलनका बिरामीहरूको शरीरका विभिन्न अङ्गहरूमा फरकफरक किसिमको जटिलता देखिने भएकाले जलनकै लागि मात्र भनेर सरकारी अस्पताल छैनन् । काठमाडौँ बाहिर जलनको उपचार नहुँदा र कतिपय अवस्थामा यसको प्रारम्भिक उपचारसमेत सही ढङ्गमा नहुँदा बिरामीको परिवार आर्थिक तथा मानसिक तनाव हुने गर्दछ । यद्यपि, पछिल्लो समय सबै खाले रोगको उपचार हुने संघीय अस्पतालमा चारदेखि छ वटा शय्यासहित जलन विभाग छुट्टाइएको छ । प्रशिक्षित जनशक्ति कमीः जलन उपचारमा विशेषज्ञ, चिकित्सक, नर्स र फिजियोथेरापिस्ट पर्याप्त नहुँदा अस्पतालले सेवा विस्तार गर्न सकेका छैनन् ।

तीन महिनाको उपचारपछि संसद्मा सम्बोधन गर्ने क्रममा सांसद भण्डारीले भन्नुभएको थियो, "मैले उपचार गराएको अस्पताल (भारत) का डाक्टरले भन्नुभयो विगत तीन वर्षमा तीन जना मात्रै मानिस भेन्टिलेटरमा पुगेर बाँचेका रहेछन् । त्यसमध्ये म एउटा नेपाली सौभाग्यले बाँचेर आएर बोल्दैछु।" उहाँले जलनसम्बन्धी पाठ्यसामग्री विभिन्न तहको पाठ्यक्रममा समावेश गर्नुपर्नेमा जोड दिनुभएको थियो । कांग्रेस नेता चन्द्र भण्डारीले नेपालमा छुट्टै जलन उपचार हुने अस्पताल बनाउने घोषणा गरिए पनि स्थापना भएको छैन । जलनसम्बन्धी उपचार गर्ने बेग्लै अस्पताल सरकारको प्राथमिकतामा अब पर्नुपर्ने नेता भण्डारी बताउनुहुन्छ ।

जलनको उपचार गर्ने अस्पतालको कमीका कारण घाइतेले समयमा उपचार पाउन सकेका छैनन् । दुर्गमका नागरिकलाई जलनको उपचार गराउन निकै नै सास्ती छ । तत्काल प्राथमिक उपचार नपाउँदा बिरामीको अवस्था जटिल हुन गई उपचारमा पनि थप जटिल हुन सक्छ । जलन शहरी क्षेत्रको तुलनामा दुर्गमका मानिसले नियमित भोगिरहेको समस्या भएको कीर्तिपुर अस्पतालका निर्देशक डा किरण नकर्मी बताउनुहुन्छ । नेपालमा जलन उपचारका लागि प्रमुख केन्द्र रहेको यस केन्द्रमा असी प्रतिशतभन्दा बढी जलनका बिरामी जाने गरेका छन् । उहाँका अनुसार अस्पतालमा अधिकांश बिरामी प्रायःकाठमाण्डौँ बाहिरका पहाड र तराईका जिल्लाबाट आउने गर्दछन् । आर्थिक अभावका कारण उनीहरु ढिला गरेर मात्रै आउने हुँदा समयमै उपचार नपाएर कतिपय अपाङ्ग हुन्छन् र कतिपयको निधन हुन्छ ।

**जनचेतना अभिवृद्धिमा जोड**

जलन रोकथामदेखि उपचारसम्मको सचेतना अत्यावश्यक भएकाले यसम्बन्धी जनचेतना अभिवृद्धि गर्नुपर्नेमा विज्ञहरूले जोड दिएका छन् । प्रा शङ्करमान राई पनि जलनको समस्या न्यून गर्न प्राथमिक तथा सेकेन्डरी रोकथामका उपायसँगै जनचेतना अभिवृद्धि गर्नुपर्नेमा जोड दिनुहुन्छ । बङ्गलादेशमा बिहान स्कुल जाने बेलामा बालबालिका जलनको समस्या देखिएपछि उनीहरूलाई भान्छाभन्दा अलग राख्ने नीगित व्यवस्था गरेपछि यस्ता घटनामा कमी आएको उदाहरण दिँदै नेपालमा पेट्रोल जलनको एक प्रमुख कारण भएकाले यसबाट बच्न घरमा पेट्रोल नराख्ने र पम्पलाई पनि वस्तीभन्दा टाढा राख्नुपर्ने बताउनुहुन्छ । काठमाडौँमा १०२ वटा र देशभरि २५०० वटा पम्प छन्, जुन वस्तीनजिकै रहेकाले जतिबेला पनि आगलागी हुनसक्ने उच्च जोखिम रहेको उहाँको भनाइ छ । विश्व स्वास्थ्य सँगठनले जलनको घटनालाई ८० प्रतिशतले घटाउन सकिने जनाएको छ ।

ग्रामीण क्षेत्रमा सेवा विस्तार, जनचेतना वृद्धि र उपचारमा पहुँच सुनिश्चित गर्न जलन रोकथाम र उपचारसम्बन्धी राज्यको दीर्घकालीन नीति आवश्यक रहेको छ । विपद्विद् मन थापा प्रत्येक व्यक्तिमा आफू सुरक्षित रहनसक्ने ज्ञानसहितको सुरक्षा संस्थाकार र सचेतनाको विकास गर्नुपर्ने बताउनुहुन्छ । जलनका घटना कम गर्न विद्यालय तहदेखिकै पाठ्यक्रममा समावेश गर्नुपर्ने उहाँको तर्क छ । जलनका घटनाले मानिसको शरीर मात्र होइन, उसको मानसिक र सामाजिक जीवनमा पनि गहिरो असर पार्दछ । धेरै बिरामीले स्थायी दाग, अपाङ्गता, र आत्मविश्वास गुमाउने समस्या भोगिरहेका छन् ।

समाजले जलनग्रस्त व्यक्तिलाई हेर्ने दृष्टिकोण पनि अझै नकारात्मक छ, जसले उनीहरूलाई पुनः समाजमा समायोजन गर्न कठिन बनाउँछ । जलनपछि शारीरिक उपचार मात्र होइन, मनोवैज्ञानिक परामर्श र पुनर्स्थापना तालिम पनि आवश्यक हुन्छ । तर नेपालमा यस्तो सेवा सीमित हुँदा धेरै जलनग्रस्त व्यक्ति समाजमा पुनःस्थापित हुन कठिनाइ अनुभव गर्नुपरेको भक्तपुर ठिमीकी सानुमाया थापा बताउनुहुन्छ।

जलनको समस्या केवल स्वास्थ्यको होइन, सामाजिक सचेतनाको पनि विषय हो । सरकार, समुदाय र परिवारको संयुक्त प्रयासबाट मात्र जलनका घटना घटाउन र पीडितलाई सम्मानजनक जीवन प्रदान गर्न सकिन्छ ।

**जलन सप्ताह आयोजना**

नेपाल जलन फाउण्डेशनद्वारा तेस्रो राष्ट्रिय तथा दोस्रो विश्व सप्ताहको आयोजना भइरहेको छ। 'जलनको घटना रोकौँ, जीवन रक्षा गरौँ सुरक्षाको सुरूवात घरबाट गरौँ भन्ने नाराका साथ यही कात्तिक १७ गतेदेखि २१ गतेसम्म विभिन्न कार्यक्रम आयोजना गरिएका छन्। विभिन्न संघसंस्थाको सहकार्यमा भएको सप्ताहमा जलनको रोकथाम, बालबालिकामा जलनको रोकथाम, जलनपछिका जटिलताको रोकथाम, जलन प्रकोपको व्यवस्थापन, जलनजलन पीडितको सामाजिक विभेद् र समन्वयीकरण विषयमा अन्तरक्रिया कार्यक्रमको आयोजना भएका छन् । जालनबाट हुने क्षति कम गर्न रोकथाम नै उत्तम उपाय हो । आगो र तातो पदार्थ प्रयोग गर्दा सावधानी अपनाउने, बालबालिकालाई आगोबाट टाढा राख्ने, ग्यास र विद्युतीय उपकरण सुरक्षित रूपमा प्रयोग गर्ने र गाउँगाउँमा जनचेतना फैलाउनेजस्ता कदम चाल्नुपर्ने फाउण्डेशनका कार्यकारी सदस्य रामशरण मल्ल बताउनुहुन्छ । रासस

## facebook twitter



**Muma Ram Khanal**
x.com/MumaRamKhanal

सर्वविदितै छ, राजधानी काठमाण्डौंको सार्वजनिक यातायातको अवस्था कस्तो छ ?
काठमाडौंको सार्वजनिक यातायातका लागि काठमाडौं 'उपत्यका सार्वजनिक यातायात प्राधिकरणक' को कानुनी व्यवस्था छ।'शहरी क्षेत्र सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण ऐन- २०७९'ले यस्तो 'परिषद' वा 'प्राधिकरण'को प्रावधान ल्याएको थियो। र, यो निकायको नेतृत्वमा छन्- काठमाण्डौं महानगरपालिकाका मेयर बालेन्द्र शाह।
मेयर शाहको सरकारी गाडी उनकी श्रीमतीले प्रयोग गर्दा ट्राफिक चेक-जाँचमा भएको सामान्य बिलम्बले भएको 'असुविधा' प्रति उनको प्रतिक्रिया 'सिंहदरबार जलाउने' तहसम्म अभिव्यक्त भयो। तर उनै मेयर शाहले भेडा/बाख्रा जसरी कोचेर पनि नियमानुसार भन्दा बढी भाडा असुल्ने राजधानिको 'बस' सेवाप्रति त्यस्तै कुनै झोंक पोखेको भए सायद आज सार्वजनिक यातायात र सर्वसाधारण नागरिकको सास्ति धेरै कम हुँदो हो। झोंक चल्नु 'राम्रो' कुरा हो। तर कहाँ चल्नुपर्छ भन्ने चाँहि 'जान्ने' कुरा हो ।



**Surya Raj Acharya**
x.com/SuryaRAcharya

न्युयोर्क शहरका नवनिर्वाचित मेयरको एक प्रमुख एजेन्डाः शहरमा 'फ्रि-बस'।
झट्ट सुन्दा अनौठो लागे पनि, सार्वजनिक यातायात नीतिको यो एक प्रभावकारी उपाय हो।
तर सुलभ सार्वजनिक यातायात हाम्रा नेताहरूको प्राथमिकतामा कहिल्यै परेन।
सरकारी गाडीमा गुड्ने नेतालाई जनताको आवागमनको समस्याले छोएन ।

# आदिकविमा 'श्रमिक हाम्रो साथी' अभियानको अभिमुखीकरण

भञ्ज्याङ समाचारदाता/दमौली

"श्रमिक हाम्रो साथी" भन्ने मूल नारासहित आदिकवि भानुभक्त क्याम्पस, व्यास-१ विज्ञानचौरमा निर्माणाधीन प्रशासकीय भवनमा कार्यरत ठेकेदार तथा निर्माण श्रमिकहरूका लागि एकदिने अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ ।



विश्वविद्यालय अनुदान आयोग र आदिकवि भानुभक्त क्याम्पसको संयुक्त लगानीमा सञ्चालित उक्त भवन निर्माण योजनाअन्तर्गत आयोजना गरिएको 'श्रमिकहरूका लागि वातावरणीय तथा सामाजिक सुरक्षा सम्बन्धी अभिमुखीकरण कार्यक्रम'मा श्रमिकहरूको उल्लेखनीय सहभागिता रहेको थियो ।

कार्यक्रममा क्याम्पस प्रमुख महाप्रसाद हडखलेले वातावरणीय र सामाजिक सुरक्षाको अवधारणाबारे विस्तृत जानकारी दिएका थिए । सहायक क्याम्पस प्रमुख डा. रामकुमार अधिकारीले कार्यक्रमको सहजीकरण गरेका थिए ।

त्यस्तै, सहायक क्याम्पस प्रमुख तथा वातावरणीय र सामाजिक सुरक्षा फोकल पर्सन बिमल गिरीले सहभागीहरूलाई वातावरणीय तथा सामाजिक सुरक्षासम्बन्धी प्रशिक्षण दिएका थिए । कार्यक्रममा सहायक क्याम्पस प्रमुख विश्वेश्वर तिमल्सेना, प्रशासकीय प्रमुख बसन्ती थापा आले मगर तथा निर्माण श्रमिकहरूको सक्रिय सहभागिता रहेको क्याम्पसले जनाएको छ ।

# सांसदको काम थिति बसाल्ने हो : उपसभापति वाग्ले

भञ्ज्याङ समाचारदाता/दमौली

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उपसभापति डा स्वर्णिम वाग्लेले सांसदको काम देश बनाउने र थिती बसाल्ने भएको बताएका छन् ।

दमौली खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थालाई विहीबार विभिन्न सामग्री हस्तान्तरण गर्दै वाग्लेले भने, "गत उपनिर्वाचनमा तनहुँ क्षेत्र नं १ बाट निर्वाचित भएपछि जनताको मसँग धेरै अपेक्षा थियो, सांसदको मूल काम देश बनाउने हो, कानुन बनाउने हो । थिती बसाल्न तपाईँहरूले पठाउनुभएको हो भनेर सबैलाई सम्झाएको थिएँ ।"



साना तिना काम गर्न स्थानीय तह छन् भन्ने जनतामा बुझाउन लागेको बताउँदै उनले आफू सांसद हुँदा इमानदार प्रयास गरेको उल्लेख गरे । दमौली खानेपानी उपभोक्ता संस्थाबाट सहयोगको आग्रह गरिएपनि विगतमा सरकारमा नहुँदा बजेट राख्न नसकिएको वाग्लेको भनाइ थियो । उनले भने, "खानेपानी जस्तो संवेदनशील विषयमा विगतमा पनि सहयोगको आग्रह गर्नुभएको थियो, सांसदको एकसुको पनि बजेट थिएन । निजी सहयोगकर्ता, दानवीर खोज्दै जाँदा केही सहयोग गर्न सक्यौँ।"

संस्थाका अध्यक्ष बुद्धिमान श्रेष्ठले तीन हजार ८०० निजी धाराबाट २५ हजार बढी जनसंख्याले खानेपानी सुविधा पाइरहेको जानकारी दिए ।

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४